# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट “घ” बर्गको इजाजत प्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा, काभ्रेपलाञ्चोक
फोन नं.- ०११-६६२२५१/६६०४५२, Email : info@slbsl.com.np, Website : www.slbsl.com.np

**सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ।**

**विवरण सार्वजनिक गरेको मिति : २०८१/१०/२८**

| क.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| क) | **निकायको स्वरुप र प्रकृति** | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट “घ” बर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था हो । |
| ख) | **निकायको काम, कर्तव्य र अधिकार** | यस वित्तीय संस्थाको काम कर्तव्य अधिकार बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ ले तोके बमोजिम रहेको छ। |
| ग) | **निकायमा रहने कर्मचरी संख्या र कार्य विवरण** | यस वित्तीय संस्थामा २०८१ पौष मसान्तसम्म १७२ जना कर्मचारी कार्यरत रहेको र निज कर्मचारीहरुको कार्यविवरण समय समयमा संस्थाले तोके बमोजिम व्यवस्थित गरिएको छ। |
| घ) | **निकायबाट प्राप्त गरिने सेवाः** | यस वित्तीय संस्थाले प्रदान गर्ने सेवाहरुमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम “घ” बर्गका वित्तीय संस्थाहरुले प्रदान गर्ने लघुवित्त सेवाहरु रहेको छ। |
| ङ) | **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** | यस वित्तीय संस्थाको शाखा कार्यालयहरु र सो शाखाका जिम्मेवार अधिकारीहरुको विवरण संस्थाको वेवसाइटमा उपलब्ध रहेको छ। |
| च) | **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** | यस वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सेवा प्राप्त गर्ने अबधि संस्थाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ र सोको जानकारी यस संस्थाको वेवसाईट र नागरिक वडापत्रमा राखिने गरिएको छ। |
| छ) | **निर्णय गर्ने प्रकिया र अधिकारी** | यस वित्तीय संस्थाबाट प्रदान गर्ने सेवा सम्वन्धमा विभिन्न तहका पदिय जिम्मेवारी प्राप्त कर्मचारीहरुले विभिन्न प्रकारका निर्णय गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ भने दैनिक कार्य सञ्चालनका लागि प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयका लागि संस्थाको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ। |
| ज) | **निर्णय उपर उजुरी सुन्ने अधिकारी** | यस संस्थामा प्राप्त गुनासा, उजुरी, तथा सुझावहरु सुन्ने अधिकारी केन्द्रीकृत रुपमा संस्थाको प्रमुख कार्यकारी अधिकृत रहेको छ। |
| झ) | **सम्पादन गरेको कामको विवरणः** | यस वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम “घ” बर्गको लघुवित्त वित्तीय संस्थाले गर्ने कार्यहरु गरी सम्पूर्ण प्रशासकिय कार्यहरु, वित्तीय विवरणहरु प्रत्येक त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रिकामा नियमित प्रकाशित गर्ने गरिएको छ। साथै संस्थाको बेवसाईटमा समेत सर्वसारधारणका जानकारीका लागि राख्ने गरिएको छ। |
| ञ) | **संस्थाको प्रमुख र सूचना अधिकारीको नाम र पद** | प्रमुखको नाम : श्री दिलिप कुमार पोखरेल, प्रमुख कार्यकारी अधिकृत । सूचना अधिकारीको नामः श्री शंकर गुरुङ, अधिकृत (प्रशासन)/कम्पनी सचिव । |

| | | |
|---|---|---|
| **ट)** | **ऐन, नियम, विनियम, वा निर्देशिकाको सुचि** | यस वित्तीय संस्थाले प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरू अन्तर्गत रहेर कार्य गर्नुपर्ने हुन्छ मुख्यत देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरू संस्थाको सेवाहरू सञ्चालनका लागि प्रमुख रुपमा रहेका छन् ।<br>१. नेपाल राष्ट्र बैंक ऐन, २०५८<br>२. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३<br>३. कम्पनी ऐन, २०६३<br>४. बैंकिङ् कसुर तथा सजाय ऐन, २०६४<br>५. धितोपत्र सम्बन्धी ऐन, २०६३<br>६. श्रम ऐन, २०७४<br>७. आयकर ऐन, २०५८<br>८. सम्पत्ति शुद्धीकरण (मनिलाउण्डरिङ्) निवारण ऐन, २०६४<br>९. उपरोक्त ऐनहरू बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरू<br>१०. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशिका, परिपत्रहरू र नेपाल राष्ट्र बैंकले तोके बमोजिम संस्थाले लागू गरिएको विनियम र कार्यविधिहरु । |
| **ठ)** | **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण** | यस वित्तीय संस्थाको आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्रिकामा नियमित प्रकाशन हुदै आएको छ । साथै, संस्थाको वेबसाईटमा राख्ने गरिएको छ । |
| **ड)** | **सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ मा तोकिए बमोजिमको विवरण** | १) अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण : संस्थाले नियमित लघुवित्त सम्वन्धी कार्यक्रम गर्दै आएको छ  साथै अघिल्लो आर्थिक वर्षमा संस्थाको  दशौं वार्षिक साधारण सभा, संस्था मर्जर सम्वन्धी कार्य, कर्मचारी तालिम गोष्ठी तथा ग्राहक सदस्यहरुको तालिम तथा गोष्ठी आदि सञ्चालन भएका थिए ।<br>२) सार्वजनिक निकायको बेवसाईट भएको भए सो को विवरण : www.slbsl.com.np<br>३) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः त्रैमासिक रुपमा आर्थिक विवरणहरु, धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ बमोजिमका विवरणहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने गरिएको । |